# राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९

लालमोहर र प्रकाशन मिति
२०३९।७।३

संशोधन गर्ने ऐन

१. न्याय प्रशासन ऐन, २०४८ — २०४८।२।१६

प्रमाणिकरण र प्रकाशन मिति

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ — २०६३।६।२८

३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[१] — २०६६।१०।७

२०३९ सालको ऐन नं. १२

## राष्ट्रिय प्रकृति संरक्षण कोष[२]को व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्नको लागि राष्ट्रिय प्रकृति संरक्षण कोष[२] स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : १) यस ऐनको नाम "राष्ट्रिय प्रकृति संरक्षण कोष[२] ऐन, २०३९" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा –

क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय प्रकृति संरक्षण कोष[२] सम्झनुपर्छ ।

ख) "समिति" भन्नाले दफा ५ बमोजिम गठन भएको सञ्चालक समिति सम्झनुपर्छ ।

ग) "अध्यक्ष" भन्नाले कोषको अध्यक्ष सम्झनुपर्छ ।

घ) "सदस्य र सदस्य-सचिव" भन्नाले कोषको सदस्य सम्झनुपर्छ ।

ङ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. **कोषको स्थापना** : १) राष्ट्रिय प्रकृति संरक्षण कोष[२] नामको एक कोष स्थापना हुनेछ ।

२) कोष अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

३) कोषको सबै काम कारवाईको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

४) कोषले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

५) कोषले व्यक्ति सरह नालिस उजूर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

---

[१] यो ऐन २०६५ साल जेठ १५ गतेबाट लागू भएको ।

[२] केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

[3]४. **संरक्षक** : प्रधानमन्त्री कोषको संरक्षक हुनेछ ।

५. **सञ्चालक समितिको गठन** : कोषको सम्पूर्ण काम कारवाईको सञ्चालन तथा रेखदेख गर्न देहायबमोजिमको सञ्चालक समिति गठन हुनेछ :

| | | |
|---|---|---|
| क. | संरक्षकबाट मनोनीत व्यक्ति एक जना | अध्यक्ष |
| ख. | अध्यक्षबाट मनोनीत नेपाल सरकारको सचिवहरु मध्येबाट तीन जना | सदस्य |
| ग. | अध्यक्षबाट मनोनीत नेपाल सरकारको विभाग वा सरकारी वा गैरसरकारी संस्थाका प्रतिनिधिहरु मध्येबाट तीन जना | सदस्य |
| घ. | अध्यक्षबाट मनोनीत अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधि वा अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिहरु मध्येबाट चार जना | सदस्य |
| ङ. | अध्यक्षबाट मनोनीत कोषको लागि उपयुक्त ठानेका व्यक्तिहरु तीन जना | सदस्य |
| च. | अध्यक्षबाट मनोनीत व्यक्ति एक जना | सदस्य–सचिव |

६. **पदावधि** : १) अध्यक्ष तथा सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ ।

२) अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएपछि निजहरु दफा ५ बमोजिम पुनः मनोनीत हुन सक्नेछन् ।

३) पदावधि समाप्त नहुँदै अध्यक्ष वा सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ५ बमोजिम अध्यक्ष वा सदस्य मनोनीत हुनेछ ।

[4]४) अध्यक्ष वा सदस्यले राजीनामा गरेमा निजहरु आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

५) आफ्नो कर्तव्य सुचारु रुपले पालन नगर्ने सदस्यलाई अध्यक्षबाट जुनसुकै बखतमा हटाउन सक्नेछ ।

७. **पारिश्रमिक** : समितिका अध्यक्ष, सदस्य वा अन्य पदाधिकारीले पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरु तोकिएबमोजिम हुनेछ ।

८. **समितिको बैठक** : १) अध्यक्षको निर्देशनमा सदस्य–सचिवले मिति, स्थान र समय तोकी बैठक बोलाउनेछ । बैठकको अध्यक्षता अध्यक्षबाट हुनेछ र अध्यक्षको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको कुनै सदस्यले अध्यक्षता गर्नेछ ।

२) बैठक बस्ने सूचना बैठक बस्नुभन्दा साधारणतया एक महिनाअगावै दिनु पर्नेछ ।

३) ६ जना सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

४) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

५) साधारणतया समितिको बैठक वर्षको एक पटक बस्नेछ ।

६) बैठकको निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

७) यस दफामा लेखिएदेखि बाहेक बैठकमा अपनाइने अन्य कार्यविधि समितिले आफैं व्यवस्थित गर्न सक्नेछ ।

---

[3] केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

[4] केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

९. **<u>कोषको काम र कर्तव्य</u>** : कोषको काम र कर्तव्य देहायबमोजिम हुनेछ –

क) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण, संबर्द्धन र व्यवस्थापन गर्ने,

ख) राष्ट्रिय निकुञ्ज तथा आरक्षहरुको विकासको निमित्त आवश्यक व्यवस्था गर्ने,

ग) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको वैज्ञानिक अध्ययन तथा अनुसन्धान गर्ने ।

१०. **<u>कोषको अधिकार</u>** : कोषको अधिकार देहायबमोजिम हुनेछ –

क) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था तथा अन्य क्षेत्रबाट नगदी, जिन्सी वा अन्य किसिमको सहायता प्राप्त गर्ने ।

ख) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदासंग सम्बन्धित विदेशी संस्था र अन्तर्राष्ट्रिय संघ संस्थासंग सम्पर्क राख्ने ।

ग) विदेशी संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थामार्फत चन्दा सङ्कलन गर्ने गराउने ।

घ) कोषको हितको लागि अन्य आवश्यक काम गर्ने ।

११. **<u>उपसमिति गठन गर्न सक्ने</u>** : १) कोषले आफ्नो काम कारवाईको निमित्त आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ ।

२) उपसमितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१२. **<u>कोष</u>** : १) कोषमा देहायका रकमहरु रहनेछन् –

क) नेपाल सरकारले प्रदान गरेको रकम,

ख) राष्ट्रिय वा अन्तर्राष्ट्रि संघ संस्थाबाट प्राप्त रकम,

ग) अन्य श्रोतबाट प्राप्त रकम ।

२) कोषको सबै रकम नेपाल राष्ट्र बैङ्क वा अन्य कुनै बैङ्कमा कोषको नाउँमा जम्मा गरिनेछ ।

३) जिन्सी आम्दानी खर्चको हिसाब छुट्टै राखिनेछ ।

४) कोषको तर्फबाट गर्नु पर्ने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

५) कोषको खाता सञ्चालन तोकिएबमोजिम हुनेछ ।

१३. **<u>लेखा र लेखापरीक्षण</u>** : १) कोषको आय–व्ययको लेखा तोकिए बमोजिम राखिने छ ।

२) कोषको लेखापरीक्षण महालेखापरीक्षकको विभागबाट हुनेछ ।

३) नेपाल सरकारले चाहेमा कोषको हिसाब किताबसम्बन्धी कागजात र अरु नगदी जिन्सीसमेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

१४. **मुद्दा हेर्ने अधिकारी** : कोष वादी वा प्रतिवादी भएको कुनै मुद्दा वा यो ऐन अन्तर्गतको कुनै मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकार पुनरावेदन अदालत[५]लाई हुनेछ।

१५. **अधिकार प्रत्यायोजन** : समितिले आफ्नो केही अधिकार अध्यक्ष, सदस्य, उपसमिति वा कोषको कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१६. **नियम बनाउने अधिकार** : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिको परामर्श लिई नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

१७. **विनियम बनाउने अधिकार** : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत नहुने गरी कोषले आवश्यक विनियमहरु बनाउन सक्नेछ र त्यस्तो विनियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

१८. **नेपाल सरकारसंग सम्पर्क** : कोषले नेपाल सरकारसंग सम्पर्क राख्दा वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमार्फत राख्नेछ।

---

*द्रष्टव्य :*

१. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर गरिएका शब्दहरू:
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"

२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा "श्री ५ को प्रशस्ति" झिकिएको।

---

[५] न्याय प्रशासन ऐन, २०४८ द्वारा संशोधित।